**निर्णय नं १ :**

आगामी आर्थिक वर्ष २०७२।०७३ का लागि मिति २०७१ फागुन ३ र ४ गते सम्पन्न विषयगत समितिहरुको बैठकबाट प्रस्तुत देहाय वमोजिमको बजेट स्वीकृतिका लागि जिविसमार्फत जिल्ला परिषद समक्ष पेश गर्ने निर्णय गरियो ।

**कार्यालयगत बजेट विवरण :**

| क्र. सं. | कार्यालय/समिति | कार्यक्रम बजेट (पूँजीगत) | प्रशासनिक बजेट (चालु) | कुल जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | ४४७०२०००० | ४१३७४८०० | ४८८३९४८०० |
| २ | गाउँ विकास समिति | ६९९३७००० | २४२८४००० | ९४२२१००० |
| ३ | नगरपालिका | २९४६६००० | ५४८९००० | ३४९५५००० |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ५८४००००० | | ५८४००००० |
| ५ | पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं १ | १०९६५०००० | | १०९६५०००० |
| ६ | शहरी विकास तथा भवन डिभिजन गोरखा | १०००००००० | | १०००००००० |
| ७ | जिल्ला प्राविधिक कार्यालय | ४०६९९००० | | ४०६९९००० |
| ८ | सडक डिभिजन कार्यालय दमौली | १९९०००००० | | १९९०००००० |
| ९ | नेपाल विद्युत प्राधिकरण दमौली | १३५००००० | | १३५००००० |
| १० | जिल्ला शिक्षा कार्यालय | १८०५३२००० | ६७३९६६००० | ८५४४९८००० |
| ११ | जिल्ला जनस्वास्थ्य कार्यालय | २४२११९००० | १२११३६००० | ३६३२५५००० |
| १२ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ३७०२५००० | ६२३५००० | ४३२६०००० |
| १३ | लमजुङ सामुदायिक अस्पताल | ७८११३१३१ | २४२५०७०४ | १०२३६३८३५ |
| १४ | ग्रामीण तालिम केन्द्र | ४२००००० | ६६३४००० | १०८३४००० |
| १५ | महिला तथा बालबालिका कार्यालय | २६६३३५०० | ३३७०२०० | ३०००३७०० |
| १६ | जिल्ला बाल कल्याण समिति | १४१२००० | ४१४००० | १८२६००० |
| १७ | जिल्ला कृषि विकास कार्यालय | ४९३९२५८६ | १८७४०११४ | ६८१३२७०० |
| १८ | जिल्ला पशु सेवा कार्यालय | १५५५०००० | १६४५०००० | ३२०००००० |

| | | | | |
|---|---|---|---|---|
| १९ | घरेलु तथा साना उ.वि.समितिको कार्यालय | १०६७६००० | २१९७००० | १२८७३००० |
| २० | जिल्ला बन कार्यालय | २०३८३९६० | १०४२७५० | २१४२६७१० |
| २१ | जिल्ला भू संरक्षण कार्यालय | १०५८५००० | ३५००००० | १४०८५००० |
| २२ | जल उत्पन्न प्रकोप नियन्त्रण का. पोखरा | १८६५०००० | | १८६५०००० |
| २३ | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना | ३४५७५३० | | ३४५७५३० |
| | **सरकारी कार्यालय जम्मा** | **१७६६४०१७०७** | **९४९०८३५६८** | **२७१५४८५२७५** |
| | **गैसस तथा संघसंस्थाहरु** | | | ० |
| १ | लमजुङ उद्योग वाणिज्य संघ | ७३५०००० | ११५०००० | ८५००००० |
| २ | चेस नेपाल | ३१९८६४० | १३५८४३१ | ४५५७०७१ |
| ३ | ग्रामीण सामुदायिक विकास केन्द्र | ३३४०५६२४ | ५६५१०७३ | ३९०५६६९७ |
| ४ | च्वाइस नेपाल | ४६७४६८१५ | ६५४४५५४ | ५३२९१३६९ |
| ५ | वर्ल्ड भिजन एडिपी | ७२९५८९३ | २७२८८०९ | १००२४७०२ |
| ६ | समाज उत्थान सा. संस्था | ७८४००० | ११५००० | ८९९००० |
| ७ | महिला आपसी सहयोग केन्द्र भोटेओडार | १८०५९६४० | १८३६७६० | १९८९६४०० |
| ८ | समग्र विकास सेवा केन्द्र | २२५९७५० | ७४९२५० | ३००९००० |
| ९ | जनचेतना अभिबृद्धि तथा विकास अ. समिति | ३००६०२३ | १३२०००० | ४३२६०२३ |
| १० | स्क्यान नेपाल | २२०९००० | २१८००० | २४२७००० |
| ११ | नेपाल रेडक्रस सोसाइटी | ८६७४००० | १०००००० | ९६७४००० |
| १२ | लक्ष्मी नारायण सामुदायिक पुस्तकालय | ८५५३७४० | ३५१००० | ८९०४७४० |
| १३ | कम्युनिटी एक्सन नेपाल | २४६११६ | ७०८६९ | ३१६९८५ |
| १४ | आदर्श महिला बाल विकास केन्द्र | २५००००० | | २५००००० |
| १५ | ग्लोवल एक्सन नेपाल | ३८७१९१० | २५६६२०० | ६४३८११० |
| १६ | Kathmandu International Study Center | २२०७१०६ | | २२०७१०६ |
| १७ | लि बर्ड | १०५५००० | ८७६००० | १९३१००० |
| १८ | लमजुङ सीप विकास प्रतिष्ठान | ४०१०००० | ६३८१६२८ | १०३९१६२८ |

| | | | | |
|---|---|---|---|---|
| १९ | ग्रामीण शसक्तिकरण समाज दमौली | १९९८८६३० | | १९९८८६३० |
| २० | बेसीशहर खापा उ समिति | १०२००००० | | १०२००००० |
| २१ | गोरखा वेयलफेयर स्किम | २६८७५०० | | २६८७५०० |
| २२ | हरियो वन कार्यक्रम | ९६८६२५० | | ९६८६२५० |
| २३ | वन श्रोत अध्ययन तथा कार्य समुह नेपाल | २३८२००० | | २३८२००० |
| २४ | शिलषा कार्यक्रम | २६७२४८३ | २३२६६५६ | ४९९९१३९ |
| २५ | गरिवी निवारण कोष | ३०००००० | | ३०००००० |
| २६ | जिल्ला खेलकुँद विकास समिति | १५१५६००० | | १५१५६००० |
| २७ | महिला शक्ति विकास केन्द्र नेपाल | ७०२००० | | ७०२००० |
| | **गैसस तथा संघसंस्थाहरु जम्मा** | **२४८९०८१२०** | **३५२४४२३०** | **२८४१५२३५०** |
| | **कुल जम्मा** | **२०१५३०९८२७** | **९८४३२७७९८** | **२९९९६३७६२५** |

**समितिगत बजेट विवरण :**

| क्र.सं | विवरण | प्रस्तावित बजेट |
|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास समिति | ८५५५२५९४६ |
| २. | सामाजिक विकास समिति | ८८०५३६३६९ |
| ३. | आर्थिक विकास समिति | १४९१८३४९२ |
| ४. | वन तथा वातावरण समिति | १०३७४१६२० |
| ५. | संस्थागत श्रोत तथा क्षमता विकास समिति | २६३२२४०० |
| | **पूँजीगत जम्मा** | **२०१५३०९८२७** |
| | **प्रशासनिक जम्मा** | **९८४३२७७९८** |
| | **कुल जम्मा** | **२९९९६३७६२५** |

**निर्णय नं २ :**

निम्नलिखित नीतिगत निर्णयहरु स्वीकृतिकालागि जिविसमार्फत जिल्ला परिषदसमक्ष प्रस्तुत गर्ने निर्णय गरियो :-

१. लमजुङ जिल्लाको समग्र कृषि क्षेत्रको दीर्घकालिन विकासका लागि रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्नको लागि जिल्ला कृषि विकास कार्यालयले पहल गर्ने ।

२. कानून वमोजिम प्राप्त गर्नुपर्ने विद्युत रोयल्टी र  पर्यटन रोयल्टी (पर्यटन प्रवेश दस्तुर (एक्याप) पर्वातारोहण सलामी) लगायतका सवै प्रकारका रोयल्टी रकम प्राप्त हुन नसकेकोले सो रकम उपलब्ध गराउन अनुरोध गर्ने ।

३. स्थानीय उपभोक्ताको लगानीलाई प्रोत्साहन गर्दै सडक सञ्जाल नपुगेका गाविसहरुलाई सडक सञ्जालमा जोड्ने नीति लिइनेछ । जिल्ला सदरमुकामबाट गाविसको केन्द्र जोड्ने सडकहरुलाई प्राथमिकता दिइनेछ । लागत सहभागितामा नगरोन्मुख क्षेत्रहरुमा सडक कालोपत्रे गर्ने नीति अन्तर्गत विगत वर्षमा शुरु गरिएको कार्य प्रभावकारी देखिएकोले यसलाई आगामी वर्ष पनि **जिविसको ४०% र स्थानीय जनताको ६०% लागत** कायम गरी निरन्तरता दिइनेछ । साथै ग्रामिण सडकलाई ग्रभेल र नाली सुधार गरी स्तरोन्नती गर्नका लागि स्थानिय निकाय र समुदायले प्रस्ताव पेश गरेमा पचास पचासको मोडेल अवलम्वन गरिने छ । ग्रामिण सडकलाई स्तरोन्नती गर्नका लागि जिल्ला विकास समितिवाट छुटटाउने रकममा **वातावरणीय संरक्षणका लागि ल.ई. मा नै ३ प्रतिशत रकम** समावेश गर्ने नीतिलाई समावेश गरिने छ ।

४. स्थानीय निकायहरुले कृषि क्षेत्रमा विनियोजन गर्ने १५ प्रतिशत रकमबाट आवधिक जिल्ला विकास योजनाले लिएका सूचकहरु पुरा गर्ने तवरले श्रोत एकिकृत गरी कृषि क्षेत्रको व्यवसायिक विकास गर्न जोड दिइनेछ ।

५. अलैंची खेतीलाई प्रवर्द्धन गर्न सवै सरोकारवाहरुसंग समन्वय गर्दै श्रोत परिचालनमा एकिकृत योजना तयार गरिने छ । यसमा लाग्न सक्ने रोगको संक्रमणलाई मध्यनजर गरी विशेष सावधानी अपनाइनेछ । अलैंची खेतीमा लाग्न सक्ने रोगको संक्रमणलाई मध्यनजर गरी विरुवा आयात गर्दा जिल्ला कृषि विकास कार्यालय संग समन्वय गरी ल्याउने व्यवस्था मिलाउने ।

६. स्थानीय सञ्चार माध्यमबाट कृषि कार्यक्रम प्रसारण गर्ने सन्दर्भमा सम्वन्धित निकायहरुबाट कार्यक्रम उत्पादन गरी कृषकको अनुकुल पर्ने एउटै समयमा प्रसारणको व्यवस्था मिलाउने ।

७. नेपाललाई सन् २०१७ भित्र धुँवारहीत भान्छा घोषणा गर्ने राष्ट्रिय नीति रहेको सन्दर्भमा राष्ट्रिय अभियान अनुरुप धुंवारहीत गाविस घोषणा कार्यलाई अझ बढी समन्वयात्मक र प्रभावकारी तवरले अघि बढाइनेछ ।

८. EFLG कार्यक्रम यसै आ.व.देखि ५ वटा गाविसमा संचालन गरी हावा,माटो र पानी संरक्षणको प्रयासको थालनी गरिने छ ।

९. यस जिल्लामा जिल्ला आपत्कालीन उद्धार केन्द्र (DEOC स्थापना भइसकेकोले उक्त केन्द्रलाई विपद् व्यवस्थापनको क्षेत्रमा प्रभावकारी रुपमा परिचालन गर्न सम्वन्धित सरोकारवालाहरुले आवश्यक सहयोग उपलब्ध गराउने  ।

९. जिल्लामा सञ्चालन हुने सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुलाई गरिवी निवारणमा केन्द्रित गरी लक्षितवर्गले प्रत्यक्ष लाभ पाउने र एकरुपता हुने गरी समन्वयात्मक ढंगबाट सञ्चालन गर्न विपन्नता स्तरीकरण सम्पन्न भएकोले उक्त प्रतिवेदनलाई प्रभावकारी कार्यान्वयनमा लैजाने ।

१०. २४ वटा गा.वि.स. मा यस आ.व देखि गरीवी निवारण कोष वाट भौतिक पूर्वाधार र गरीवी न्यूनीकरणका कार्यक्रमहरु संचालन गरिने छ ।

११. गैसस लाई जिल्लामा संचालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय कायम गर्ने गरी कम्तीमा ६० प्रतिशत सफ्टवेयर र ४० प्रतिशत हार्डवेयरमा रकम लगाउने नीति यसै आ.व देखि कार्यान्वयनमा ल्याईने छ र सवै दाताहरुलाई सोही बमोजिमका कार्यक्रम संचालन गर्न जानकारी गराईने छ । गैससले कार्यक्रम संचालन गर्दा विषयगत कार्यालय संग समन्वय गरी आवधिक जिल्ला विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिमा केन्द्रित कार्यक्रम संचालनमा ध्यान दिनुपर्ने छ ।

१२. लक्षित वर्गका लागि छुट्याइएको बजेटबाट ५०% रकम सोही वर्गका जनताले प्रत्यक्ष फाइदा पाउने पूर्वाधारजन्य योजनाहरुमा र बाँकी मध्ये ३५% रकम सीपमूलक/आयमूलक कृयाकलापहरु र १५% चेतनामूलक कृयाकलापहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिने र बालबालिका लक्षित कार्यक्रम बजेटको हकमा सीपमूलक क्रियाकलापको बजेट समेत प्रवर्द्धनात्मक क्षेत्रमा खर्च गर्न सकिने नीतिलाई निरन्तरता दिने । साथै यस्तो नीतिलाई सवै गाउँ विकास समितिहरुले पनि अनिवार्यरुपमा परिपालना गर्ने व्यवस्था मिलाउने ।

१३. जिविस, विषयगत कार्यालय र स्थानीय गैर सरकारी संस्थाहरु मार्फत संचालन हुने कार्यक्रमहरुबीच आवश्यक समन्वय कायम गर्ने सन्दर्भमा योजना तर्जुमा, अनुगमन र प्रगति समीक्षा गर्दा आवधिक र बार्षिक योजनाका सूचकहरुको आधारमा क्षेत्रगत रुपमा सम्वन्धित विषयगत कार्यालयले नेतृत्व लिई गैसस र विकास साझेदार संस्थाहरुको विवरण एकिकृत रुपमा संकलन, प्रशोधन तथा अभिलेखीकरण गर्ने नीतिलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।

१४. जिल्लामा आ.व. २०६८।६९ देखि बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन प्रारम्भ भइरहेकोमा आगामी आ.व. २०७२।७३ मा समेत थप गाविसहरुमा कार्यक्रम विस्तार गर्दै लैजाने ।

१५. बार्षिक योजना तर्जुमा गर्दा जिल्लामा तयार भएका आवधिक जिल्ला विकास योजना, जिल्ला स्वास्थ्य योजना, एकिकृत पर्यटन विकास तथा व्यवस्थापन योजना बालबालिका सम्वन्धी रणनीतिक योजना, विपन्नता स्तरीकरण प्रतिवेदनलाई समेत आधार मान्ने ।

१६. प्रारम्भिक बाल विकास केन्द्रहरुको व्यवस्थित र दीगो सञ्चालनका लागि चालु आर्थिक वर्षमा नक्शांकन कार्य सम्पन्न गरी प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।

१७. जिल्लाका सामाजिक विकासका प्राथमिकताका क्षेत्रहरु जिल्ला खुला दिसामुक्त अभियान जस्तै पूर्ण खोप कार्यक्रम, एक घर एक धारा, बाल विवाहमुक्त गाविस, बालश्रममुक्त क्षेत्र, पूर्ण साक्षरता कार्यक्रम, एक गाउँ एक पुस्तकालय र एक विद्यालय एक पुस्तकालय कार्यक्रम, एक गाविस एक उद्योग, छुवाछुत मुक्त गा.वि.स, स्वास्थ्यसंस्था मार्फत प्रसुती सेवा कार्यक्रम, लैंगिक हिंसा न्यूनीकरण कार्यक्रम आदिलाई स्थानीय तहका सवै सरोकारवालाहरुको संलग्नता र समन्वयमा कार्ययोजनाका साथ अभियानको रुपमा सञ्चालन गर्ने ।

१८. उच्च जोखिम अवस्थामा रहेका अपांग र जेष्ठ नागरिकहरुको तत्काल राहातका लागि जिल्लामा राहातकोषको स्थापना गरी सो को प्रभावकारी सञ्चालनको व्यवस्था मिलाउने ।